# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)
# Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)


## प्रेस विज्ञप्ती

### मार्जिन कारोवार सुविधा सम्बन्धी निर्देशन जारी गरिएको सम्बन्धमा

अन्तर्राष्ट्रिय मूल्य र मान्यता अनुरुपको मार्जिन कारोवार शुरु गर्न लगानीकर्ताहरु तथा धितोपत्र दलाल व्यवसायीहरुबाट माग भैरहेको तथा धितोपत्र दलाल व्यवसायीको कार्यक्षेत्र विस्तार गर्ने सम्बन्धमा बोर्डको आ.ब. २०७४।७५ को नीति तथा कार्यक्रममा समेत रहेको सन्दर्भमा लगानीकर्तालाई मार्जिन कारोवार सुविधा उपलब्ध गराउने तथा धितोपत्र दलाल व्यवसायीको कार्यक्षेत्र विस्तार गर्ने उद्देश्यले बोर्डले मार्जिन कारोवार सम्बन्धी आवश्यक निर्देशन जारी गरी केही नीतिगत व्यवस्थाहरु गरेको छ । यसको कार्यान्वयनको लागि कार्यविधि बनाई पेश गर्न धितोपत्र बजार तथा धितोपत्र दलाल व्यवसायीहरुलाई धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ८७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डद्वारा "मार्जिन कारोवार सुविधा सम्बन्धी निर्देशन, २०७४" जारी गरिएको छ । उक्त निर्देशनमा भएका मुख्य मुख्य व्यवस्थाहरु देहाय बमोजिम रहेका छन् भने उक्त निर्देशन बोर्डको वेभसाइट www.sebon.gov.np मा राखिएको छ ।

- कम्तिमा १० हजार शेयरधनी रहेको तथा नेटवर्थ सकारात्मक रही पछिल्लो दुई आर्थिक बर्षमा कम्तिमा वार्षिक १० प्रतिशत लाभांस वितरण गरेको सूचिकृत संगठित संस्थाको शेयरमा मात्र मार्जिन कारोवार सुविधा उपलब्ध गराउनु पर्ने ।
- मार्जिन कारोवार सुविधा उपलब्ध गराउने धितोपत्र दलाल व्यवसायीको खुद सम्पत्ती कम्तिमा ५ करोड रुपैयाँ हुनु पर्ने ।
- धितोपत्र दलाल व्यवासायीले सूचिकृत संगठित संस्थाको शेयरको १८० दिनको औषत मूल्य वा वजार मूल्यमध्ये जुन कम हुन्छ सोको ५० प्रतिशतले हुनआउने रकम ग्राहकसँग प्रारम्भिक मार्जिनको रुपमा लिनु पर्ने ।
- धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोवार सुविधा अवधि भर बजारको अवस्था तथा जोखिम हेरी ग्राहकसँग न्यूनतम ४० प्रतिशत मेन्टिनेन्स मार्जिन लिनुपर्ने ।
- ग्राहकले मार्जिन कारोवारमा खरिद गरेको शेयरमा आवश्यक पर्ने मेन्टिनेन्स मार्जिन भुक्तान गर्न नसकेमा धितोपत्र दलाल व्यवसायीले सो शेयर विक्री गर्न सक्ने ।
- धितोपत्र दलाल व्यवसायीले आफ्नै स्रोत वा वाणिज्य बैंकसंग रकम लिएर मार्जिन कारोवार सुविधा प्रदान गर्न सक्ने ।
- धितापत्र दलाल व्यवसायीले आफ्नो प्रमाणित नेटवर्थको दुई गुणासम्म मार्जिन कारोवार सुविधा उपलब्ध गराउन सक्ने ।
- धितोपत्र दलाल व्यवसायीले कुनै एक ग्राहक तथा निजको एकाघरका सदस्यलाई आफ्नो नेटवर्थको वढीमा १० प्रतिशत सम्म मात्र कारोवार सुविधा उपलब्ध गराउन सक्ने ।
- धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोवार सुविधा उपलब्ध गराउदा ग्राहकसंग सम्झौता गरी शूरु मार्जिन, संभार मार्जिन दर, मार्जिन कल, सेवा शुल्क, खरीद गर्ने सेयरको विवरण इत्यादि शर्त/व्यवस्थाहरु खुलाउनुपर्नेछ ।
- साथै यस सुविधा अर्न्तगत खरिद गरिएको शेयरसहितको मार्जिन रकम विवरण ग्राहकको छुट्टाछुट्टै अभिलेख बनाई राख्नु पर्ने, लेखापरिक्षण गरिएको कारोवार भएको शेयरको हिसाव किताव तथा लेखा बोर्ड र धितोपत्र बजारलाई पेश गर्नुपर्ने तथा ग्राहकको परिस्कृत पहिचान गर्नुपर्ने व्यवस्था गरिएको छ ।

हाल नेपाल राष्ट्र बैंकको निर्देशनमा उपलब्ध भइरहेको मार्जिन लेण्डिङ्गको रुपमा रहेको शेयर धितो कर्जा यथावत रहने छ भने यस निर्देशनबाट मार्जिन कारोवार सम्बन्धमा स्पष्ट रुपमा नीतिगत व्यवस्था भई मार्जिन कारोवार सुविधा कार्यान्वयनमा आई दोस्रो बजारमा नयाँ अध्याय थपिने छ । यसका साथै यस व्यवस्थाबाट दोस्रो बजारको तरलतामा अभिबृद्धि हुने, लगानीकर्ताहरुलाई शेयर खरिद विक्री गर्न थप सहज हुने तथा धितोपत्र व्यवसायको दायरा समेत फराकिलो हुनगई धितोपत्र कारोवार बढी गतिशिल हुन मद्दत पुग्ने बोर्डको अपेक्षा रहेको छ ।

प्रवक्ता

मिति:२०७४।०७।२१


*Post Box No. : 9031, Jawalakhel, Lalitpur, Nepal*
*Phone : 00977-1-5000107, 5000162, 5000201, 5000102, 5541057, Toll Free No.: 1660-01-44433*
*Fax No : 5541058, Email : support@sebon.gov.np, Website : www.sebon.gov.np*